
# लेखापरीक्षण प्रतिवेदन

# भूमे गाउँपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भूमे गाउँपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/215

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
भूमे गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम पूर्व।

**कैफियतसहितको राय**

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं-२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.९ करोड ३८ लाख २३ हजार, एकिकृत स्वास्थ्य

पूर्वाधार कार्यक्रमको रू.२८ लाख ४६ हजार र अन्य रू.११ लाख ८८ हजार गरी जम्मा रू.९ करोड ७८ लाख ५७ हजार समावेश भएको छैन ।

२. यस गाँउपालिकाको रु.९२ करोड ७४ लाख १९ हजार लेखापरीक्षण गरिएकोमा रू ३. करोड १६ लाख ७७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा कुनै पनि रकमको प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३२ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४५ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७३ लाख ५० हजार र पेस्की बाँकी रु.६५ लाख ४ हजार रहेको छ।गत वर्षसम्म रु.६ करोड ४५ लाख ३४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू.२३ लाख १ हजार बेरुजु फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ३९ लाख १० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने भूमे गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।


## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी भूमे गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५८ | ९४ | ३,१६,७७,२५६ | ० | ० | ० | ० | ५८ | ९४ | ३,१६,७७,२५६ | ३२,४४,६५२ | १,७३,५०,०५७ | ४५,७७,५९५ | ० | ० | २,१९,२७,६५२ | ६५,०४,९५२ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्वी भाग | ६,४५,३४,००० | ० | २३,०१,१०९ | ६,२२,३२,८९१ | ० | ३,१६,७७,२५६ | ९,३९,१०,१४७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६१ | सामाजिक सुरक्षा भत्ता रिफण्ड | ४०,२६४ |
| २ | २०७९/८० | ५२ | लागत सहभागिता नगराएको | ३९,७९९ |
| ३ | २०७९/८० | ३६ | बढी भुक्तानी | २१,००० |
| ४ | २०७९/८० | ५५ | नि:शुल्क पाठ्यपुस्तक | १,२०,४१५ |
| ५ | २०७९/८० | ५१ | दोहोरो भत्ता भुक्तानी | २०,००० |
| ६ | २०७९/८० | ४२.२ | कुचिबाङ सिमखोला लवाङ सडक | ४,३७,५६५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | ४०.२ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १६,२२,०६६ |
| जम्मा | | | | २३,०१,१०९ |

# (८०५५३५०२३०० - भूमे गाउँपालिका )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनन गर्ने उद्देश्यले यस भूमे गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालनन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। २७३.६७वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस पालिका ९ वडामा १९८२९ जनसंख्या रहेको तथा ४६ सदस्य गाउँसभा रहेको छन्।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१६ देखि २०८१ ।५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- यस पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली वाट सिर्जित वित्तीय प्रतिवेदनको स्थिति निम्न बमोजिम रहेको छ ।

| /आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,५५,११,०९४.५२ | ०.०० | ८,५५,११,०९४.५२ | ८,१९,१०,७६३.७७ | ०.०० | ८,१९,१०,७६३.७७ |
| १३००० | अनुदान | ३३,२३,००,६९९.३२ | ०.०० | ३३,२३,००,६९९.३२ | ३६,४४,०३,७७३.१२ | ०.०० | ३६,४४,०३,७७३.१२ |
| १४००० | अन्य राजस्व | ४६,१४,८०२.०७ | ०.०० | ४६,१४,८०२.०७ | ३५,४६,५३८.११ | ०.०० | ३५,४६,५३८.११ |
| १५००० | विविध प्राप्ति | ४,३७,५६५.०० | ०.०० | ४,३७,५६५.०० | ७,५६,१३०.६७ | ०.०० | ७,५६,१३०.६७ |
| क | **कुल जम्मा प्राप्ति** | ४२,२८,६४,१६०.९१ | | ४२,२८,६४,१६०.९१ | ४५,०६,१७,२०५.६७ | | ४५,०६,१७,२०५.६७ |
| ३ | चालु | २९,२७,९३,०७७.०६ | ०.०० | २९,२७,९३,०७७.०६ | २८,६०,८७,१५२.२४ | ०.०० | २८,६०,८७,१५२.२४ |
| २१००० | पारिश्रमिक / सुविधा | ५,४८,६५,७०९.२६ | ०.०० | ५,४८,६५,७०९.२६ | ४,६०,५०,३१४.५७ | ०.०० | ४,६०,५०,३१४.५७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,९१,४३,२७३.७० | ०.०० | ८,९१,४३,२७३.७० | ९,७०,८५,२६३.२९ | ०.०० | ९,७०,८५,२६३.२९ |
| २५००० | सहायता (Subsidy) | १२,७३,९८,७५०.९५ | ०.०० | १२,७३,९८,७५०.९५ | ०.०० | ०.०० | ०.०० |
| २६००० | अनुदान | १,११,७५,०५७.०० | ०.०० | १,११,७५,०५७.०० | १३,७६,९५,०२१.३८ | ०.०० | १३,७६,९५,०२१.३८ |
| २७००० | सामाजिक सुरक्षा | ८४,४४,१८२.१५ | ०.०० | ८४,४४,१८२.१५ | ३९,८४,०१३.०० | ०.०० | ३९,८४,०१३.०० |
| २८००० | अन्य खर्च | १७,६६,१०४.०० | ०.०० | १७,६६,१०४.०० | १२,७२,५४०.०० | ०.०० | १२,७२,५४०.०० |
| ४ | पूंजीगत | १५,५४,९१,४६२.९० | ०.०० | १५,५४,९१,४६२.९० | १६,९५,६४,७१५.४० | ०.०० | १६,९५,६४,७१५.४० |
| ३१११० | भवन तथा संरचना | ६,६३,३३,०८२.४७ | ०.०० | ६,६३,३३,०८२.४७ | ५,४१,३३,८२८.१९ | ०.०० | ५,४१,३३,८२८.१९ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४९,०१,३२६.०० | ०.०० | ४९,०१,३२६.०० | १,५७,२२,३५०.०० | ०.०० | १,५७,२२,३५०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४४,०४,४३७.०० | ०.०० | ४४,०४,४३७.०० | ३०,७४,२३३.०० | ०.०० | ३०,७४,२३३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,५७,३९,५६९.४३ | ०.०० | ७,५७,३९,५६९.४३ | ९,१०,३५,७२७.२१ | ०.०० | ९,१०,३५,७२७.२१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ४१,१३,०४८.०० | ०.०० | ४१,१३,०४८.०० | ३६,२९,६२५.०० | ०.०० | ३६,२९,६२५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | १९,६८,९५२.०० | ०.०० | १९,६८,९५२.०० |
| ५ | वित्तीय | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४४,८२,८४,५३९.९६ | | ४४,८२,८४,५३९.९६ | ४५,५६,५१,८६७.६४ | | ४५,५६,५१,८६७.६४ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (२,५४,२०,३७९.०५) | | (२,५४,२०,३७९.०५) | (५०,३४,६६१.९७) | | (५०,३४,६६१.९७) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | २१,०१,४६१.२३ | | २१,०१,४६१.२३ | ७,६८,०७६.४७ | | ७,६८,०७६.४७ |
| घ.१) | **कट्टी रकम भुक्तानी/** | (२१,०२७.००) | | (२१,०२७.००) | (३००.००) | | (३००.००) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दाखिला गर्न बाकी | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (२,३३,१८,९१७.८२) | | (२,३३,१८,९१७.८२) | (४२,६६,५८५.५०) | | (४२,६६,५८५.५०) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४,५५,०८,७३२.१६ | | ४,५५,०८,७३२.१६ | ४,९७,७५,३१७.६६ | | ४,९७,७५,३१७.६६ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २,२१,८९,८१४.३४ | | २,२१,८९,८१४.३४ | ४,५५,०८,७३२.१६ | | ४,५५,०८,७३२.१६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भूक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसारको व्यहोरा देखियो:

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९३८२३४२७ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २८४६३३९ र अन्य रु. ११८८०३६ समेत गरी रु ९,७८,५७,८०२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **कानून र संचालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३४ वटा ऐन, ९ वटा नियमावली, २० कार्यविधि सहित ६३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले आवश्यक कानून यथाशिघ्र निर्माण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने

व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको ११ गरी कुल १६ विवाद दर्ता भएकोमा १३ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाइनु पर्दछ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

६.१ **आन्तरिक नियन्त्रण व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रणको विषयमा जिन्सीमालको स्पेशिफिकेसन खुलाई मूल्य अभिवृद्धि कर समेत मूल्य, जिन्सी दाखिला र वर्गीकरण, भ्रमण प्रतिवेदन, नागरीक सुनुवाई, बार्षिक कार्यक्रमको कार्यायोजना र ठेक्का अभिलेख खाता, ठेक्काको गोश्वारा खाता, जनसहभागीतामा आधारित कामको खरिद योजना र गुरुयोजना, आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि सहित आन्तरिक नियन्त्रण समिति तयार बारेमा स्पष्ट खुलासा गरी प्रतिवेदन गरेको पाईएन्। प्रतिवेदन प्रणालीलाई पारदर्शी र विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण प्रणालि मजबुद बनाएर र सशक्त आन्तरिक लेखापरीक्षण समेतबाट कार्यालयको कामलाई प्रभावकारी बनाइनु पर्दछ।

६.२ **आन्तरिक व्यवस्था:** स्थानीय सरकार सञ्चालनन ऐन, २०७४ बमोजिम नगर/गाउँ परिषद्मा बजेट समिति, राजश्व समिति, कार्यान्वयनको अनुगमन न्यायिक समितिको उपाध्यक्षले गर्नुपर्ने जिम्मेवारी उल्लेख छ। पालिकाको २ वटा वैठकमा उपाध्यक्ष अनुपस्थित न्यायिक समितिबाट भएको कामको प्रतिवेदन र योजना अनुगमन उपाध्यक्षबाट भएको पाईएन । कानूनले तोकेको जिम्मेवारीको पालना गर्नुपर्दछ।

६.३ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

७ **आन्तरिक लेखापरीक्षणबाट कायम भएको वेरुजु**

७.१ आन्तरिक लेखापरीक्षण - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८०।०८१ को आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा यसै प्रतिवेदनको अनुसूचिको रुपमा उल्लेख गरीएको छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट देखिएको लगति बेरुजुको सारांश देहायबमोजिम तालिकामा देखाइएको छ। उक्त बेरुजु पालिकाले समयमा नै फछर्यौट गर्नपर्छ।

७.२ प्रमाण पेश गर्नुपर्ने तथा नियमित गर्नुपर्ने बेरुजु रु

**(विस्तृत विवरण बेरूजु दफा ७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०३,२३५ |

७.३ असुल गर्नुपर्ने वेरुजु रु

**(विस्तृत विवरण बेरूजु दफा ७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२९,३४१.१८ |

८ **कर्मचारी व्यवस्थापन**

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर सहित १७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। रिक्त पदहरु लुम्बिनी प्रदेश मुख्यमन्त्री मार्फत प्रदेश लोकसेवा आयोगमा माग गरी यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

८.२ **अवकास कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी कल्याण कोष तथा अवकास कोष स्थापना गरेको छैन। पालिकाले अवकास कर्मचारीको दायित्व भूक्तानीको भार कम गर्नको लागि कानून बमोजिम अवकास कोष स्थापना गर्नुपर्दछ।

## ९ सहकारी संस्थाको नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (copomis)मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र १० ओटा सहकारी रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन्। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरीएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १० अनुदान प्राप्त र खर्चको स्थिति

स्थानीय तह बार्षिक प्रतिबेदन साराशं संक्षिप्तमा सङ्घ र प्रदेश तहबाट निकासा खर्च र बाँकीको विवरण देखिन्छ। बाँकी रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्छ। पालिकाले फिर्ता गर्न बाँकी रकम देखिएन । पालिकामा संघ र प्रदेशवाट अनुदान र खर्चको स्थिति देहाय वमोजिम रहेको छ । रु हजारमा

| **अनुदानको प्रकार** | **सङ्घ** | | | **प्रदेश** | | |
|---|---|---|---|---|---|---|
| | **निकासा** | **खर्च** | **बाँकी** | **निकासा** | **खर्च** | **बाँकी** |
| समानीकरण | - | - | - | - | - | - |
| सर्शत अनुदान | २०५०२८ | १८९८७८ | १५१५० | ८६५० | ८०१७ | ६३२ |
| विशेष अनुदान | ८००० | ५२२९ | २७४१ | ४५०० | ४४२२ | ७८ |
| समपुरक अनुदान | १०००० | १०००० | ० | १०००० | १०००० | ० |
| **जम्मा** | **२२३०२८** | **२०५१०७** | **१७८९१** | **२३१५०** | **२२४३९** | **७१०** |

माथिको तालिका बमोजिम संघीय र प्रदेशको अनुदान निकासा रू.१ करोड ८६ लाख रहेको छ। बजेट परिचालन खर्च क्षमता न्यून हुँदा अर्थिक गतिशिलता, आर्थिक वृद्धिदर र रोजगारीमा असर पुगेको देखिन्छ।

## ११ समपुरक अनुदान

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुदा ६(१) मा नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ। पालिकामा कोल्ड स्टोर निर्माणको लागि प्रदेश सरकार बाट रु १ करोड समपुरक अनुदान उपलब्ध भएकोमा उक्त योजनामा रु. १,६७,७०,१०२/- कुल खर्च भएकोमा पालिका बाट रु. ६७,७०,१०२/- र प्रदेश सरकार समपुरक अनुदान बाट रु १,००,००,०००/- खर्च भूक्तानी दिएको छ। पालिकाले उक्त कार्यको कम्तिमा ५० प्रतिशत अर्थात रु ८३,८५,०५१/- खर्च भूक्तानी हुनुपर्नेमा सोही अनुपातमा नगरेकोले प्रदेश अनुदानबाट बढी भूक्तानी भएको रकम रु १६,१४,९४९/- असुल गरी संचित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,१४,९४९ |

## १२ बजेट तर्जुमा तथा कार्यान्वयन

१२.१ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१२.२ **बजेट पेश, पारित र अख्तियारी**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ५० करोड ४९ लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरीसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## १३ योजना तर्जुमा तथा कार्यान्वयन

१३.१ **आवधिक योजना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३.२ **वार्षिक खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत वार्षिक रु. १६,९५,६४,७१५ पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम बार्षिक खरिद योजना र खरिद गुरुयोजना बनाई सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ खुला, पारदर्शी, बस्तुनिष्ठ र विश्वासनिय बनाइनु पर्दछ।

१३.३

**क्षेत्रगत बजेट र नतिजा:** स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | खर्च शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत तजम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,७४,८९,८३८ | ३,८७,०२,३७१ | ८.६३ |
| २ | सामाजिक विकास | २९,३३,९५,०७८ | २५,७६,२५,७७६ | ५७.४६ |
| ३ | पूर्वाधार विकास | ६,८३,३१,५३४ | ६,३७,७०,३५२ | १४.२२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०१,३७,५०० | १,७७,९२,३८६ | ३.९६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,५६,४०,२८२ | ७,०३,९३,६५४ | १५.७० |
| | **जम्मा रु** | **५०,४९,९४,२३२** | **४४,८२,८४,५३९** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७.४६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३.९६ प्रतिशत रहेको छ।

१३.४ **योजना प्राथमिकीकरण:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा बजेट विनियोजन गरेको छ ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु २० लाख माथिका योजना | रु ५ लाख देखि २० लाख सम्म | रु ५ लाख भन्दा कमका योजना |
|---|---|---|---|---|
| पालिका स्तरिय | ४१ | ३ | २६ | १२ |
| वडा स्तरिय | १९५ | ० | ३६ | १५९ |

उपरोक्त विवरणअनुसार पालिकाले न्युनतम रु ३० हजार देखी ३० लाख सम्मका जम्मा २३६ योजना सञ्चालनन गरेको छ । साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ

## १४ त्रैमासिक खर्च प्रगति

त्रैमासिक पूँजीगत स्थिति : आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ

| बजेट उप-शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| **खर्च** | १५,५४,९१,०००/- | १,८५,१०,७०४/- | १,०६,८२,७१३/- | ४,०२,६८,७२८/- | ८,६०,२९,३१६/- | ५,२२,४४,९७३/- |
| **प्रतिशत** | | **११.९** | **६.८७** | **२५.८९** | **५५.३२** | **३३.५९** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१५,५४,९१,०००/- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,८५,१०,७०४ (११.९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,०६,८२,७१३ (६.८७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४,०२,६८,७२८

(२५.८९ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८,६०,२९,३१६ (५५.३२ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ५,२२,४४,९७३ (३३.५९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षन्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१५ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ६६,५३,५७२/- राजस्व बाँडफाँड र अनुदानबाट रु ४४,१६,३०,९६७/- समेत रु. ४४,८२,८४,५३९/- आम्दानी भएकोमा चालु तर्फ रु २९,२७,९३,०७७/- र पुँजीगत तर्फ रु १५,५४,९१,४६२/- गरी जम्मा रु ४४,८२,८४,५३९/- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.३२ प्रतिशत चालु र ३४.६८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ।

१६ **कन्टिन्जेन्सी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। पालिकाले आ.व. २०८०/८१ मा कन्टिन्जेन्सी बापत रू. ३३,१३,५८६ खर्च भएको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

१७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१९ **पेश्की वाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने उल्लेख छ। सुत्र प्रणाली अनुसार पालिकाको चालु आ.व . को म्याद नाघेको मोविलाइजेशन पेश्की रु. ६३,१५,९५२ र गत आ.व. को कर्मचारी पेश्की रु. १८९००० गरी जम्मा रु ६५०४९५२ पेश्की फछ्यौट गर्न बाँकी देखिन्छ । उक्त पेश्की कानून वमोजिम फछ्यौट गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ६५,०४,९५२ |

२० **आय ठेक्का**

भूमे गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालयको च.नं-१४५ मितिः २०८१।०४।२९ को पत्रमा सिस्ने गाँउपालिका वडा नं ४ स्थायी घर भई वडा नं ६ मा बस्ने प्रतिक्षा घर्तीमगर २०८०।०६।२२ को ठेक्का नं-१।०८०।८१ नदीजन्य पदार्थ ढुङंगा गिटी बालुवा दहत्तर बहत्तर बिक्री वितरण गर्न टिनिसा निर्माण सेवा प्रा.लि सँग मितिः २०८०।०७।२० मा द्विपक्षीय सम्झौता गरी यो पालिकामा मौरीखाला भन्ने स्थानमा ६५ ट्रयाक्ट्रर बालुवा संकलन गरी राखेको बालुवा २०८१।०४।३० देखि २०८१।०५।१५ सम्म निकासीको लागि सिफारिस गरेको देखिन्छ। स्थानीय तहबीच समन्वय नभएको विषयमा सम्झौता नगरेको नदीजन्य पदार्थ बालुवा करिब ४५५ घनमिटर बालुवा प्रतिघमी रू.२१७५ को दरले रू.९,८९,६२५ सिस्नको ठेक्काको छोडपुर्जी (आषाढ-भाद्रसम्म) संकलन छोडपुर्जी नपाउने समयमा रू.९,८९,६७५ दिनु कानून सम्मत नदेखिएकोले उक्त रकम जफत गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ९,८९,६२५ |
|---|---|

२१ **आन्तरिक आय**

२१.१ **आय अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ८१,४७,१८७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ६६,५३,५७२ अर्थात अनुमान भन्दा १८.३३ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थ परक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२१.२ **आय विवरण:** आम्दानी प्रतिबेदन अनुसार देहाय बमोजिमका क्षेत्रमा रू.१ लाख भन्दा बढी आय भएको देखिँदा ती क्षेत्रमा आय बढाउने योजना लागु गरी आयको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

| **सि.नं** | **आम्दानी शीर्षक** | **अनुमान रु हजारमा** | **आय रु हजारमा** | **प्रगति प्रतिशत** |
|---|---|---|---|---|
| १ | भूमिकर र मालपोत | १,३३० | ९५२ | ७१.५ |
| २ | बहाल कर | ५० | १५८ | ३१६ |
| ३ | व्यवसाय कर | - | १५४ | - |
| ४ | अन्य कर | २५३ | ४३५ | १७१ |
| ५ | कृषि उपज बिक्री | - | १३१ | - |
| ६ | प्रशासनिक सेवा | ४२० | १८८ | ४४.७६ |
| ७ | सिफारिस दस्तुर | १३५० | ११८६ | ८७.८५ |
| ८ | व्यक्तिगत घटना दर्ता | ३७५ | ४२२ | ११२ |
| ९ | अन्य क्षेत्रको | ५८० | १५१ | २६ |
| **जम्मा** | | **४३५८** | **३७७७** | **८७** |

पालिकाले यो वर्ष इ-बिड उपभोक्ता दर्ता र नविकरण र प्रतिष्पर्धामा कार्य प्रगति स्किल र भारी उपकरण जस्तो नवप्रविधिको प्रयोग सुरुवात गरेको अवस्था छ।

२१.३ **आन्तरिक आयको योगदान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदान बाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४,१६,३०,९६७ | ६६,५३,५७२ | १.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२२ **मौज्दात**

टिप्पणी ६.२ नगद र बैंक मौज्दात विवरण अनुसार यो वर्ष देहाय बमोजिम मौज्दात रहेको विवरण पेश भएको छ।

| कोष खाता | गत वर्षको | घटबढ | मौज्दात |
|---|---|---|---|
| स्थानीय सञ्चित | ३१५४९ | (२५४११) | ६१३९ |
| स्थानीय धरौटी | १२२१० | २२६१ | १४४७१ |
| स्थानीय चालु | ० | (२१) | (२१) |
| स्थानीय विविध | ५८१ | (३७४) | २०७ |
| स्थानीय विविध | २८३ | १३० | ४१२ |
| स्थानीय आकस्मिक | ५१७ | ३२९ | ८४६ |
| स्थानीय प्रकोप | ३६९ | (२४५) | १२४ |
| **जम्मा** | **४५५०९** | **(२३३१९)** | **२२१७८** |

२३ **वितरणको भर्पाई पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको भूक्तानी दिदा उक्त खर्चको पुष्टी हुने स्पष्ट विल भर्पाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न भौचरवाट सामुदायिक विद्यालयलाई पाठ्य पुष्तक खरिद गर्न अनुदान उपलब्ध गराएकोमा निम्न विद्यालयलाई कक्षा सञ्चालनन नहुँदै कक्षा ११ र कक्षा १२ को पाठ्य पुस्तक खरिद गरी अनुदान उपलब्ध गराएकोमा उक्त पाठ्यपुष्तक वितरणको भर्पाई पेश गर्नुपर्ने रु.

| विद्यालय | कक्षा ११ | | | कक्षा १२ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पाठ्य पुस्तक सेट | खरिद दर | जम्मा मूल्य | पाठ्य पुस्तक सेट | खरिद दर | जम्मा मूल्य | |
| नेपाल राष्ट्रिय मा. वि. चुनवाङ्ग | ४५ | ३११ | १३९९५ | ४५ | ३८८ | १७४६० | ३१४५५ |
| जनजागृती मा. वि. महत | २९ | ३११ | ९०१९ | २९ | ३८८ | ११२५२ | २०२७१ |
| सहिद शुक्र मा. वि. सीमा | २५ | ३११ | ७७७५ | २५ | ३८८ | ७२०० | १४९७५ |
| सिद्धचौर मा. वि. लुकुम | ८० | ३११ | २४८८० | १०० | ३८८ | ३८८०० | ६३६८० |
| **जम्मा** | | | | | | | **१,३०,३८१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,३८१ |

२४ **स्यानिटरी प्याड**

कार्यक्रम कार्यान्वयन पुष्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ का छात्राहरुको लागि एक महिनावारी चक्रको लागि २ प्याकेटका दरले १० महिना अवधिको लागि तोकिएको गुणस्तर बमोजिम स्यानिटरी प्याड उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाको इमिस विवरण अनुसार कक्षा ६-१२ सम्म १,२४६ विधार्थी रहेको तथा उक्त

विधार्थीको लागि २४,९२० प्याकेट स्यानिटरी प्याड आवश्यक पर्दछ । पालिकामा गत वर्षको मौज्दात समेत रहेको छैन। पालिकामा स्यानिटरी प्याडको लागि बजेट रु. १२,००,०००/- हुँदा समेत जम्मा रु. २,२३,७४०/- को ३,००० प्याकेट खरिद गरी वितरण गरेको छ। आवश्यक परिमाणको जम्मा १२ प्रतिशत वितरण भएकोले सेनिटरी प्याड प्राप्त गर्ने अवसरबाट विमुख भई शिक्षण सिकाइमा समेत असर पार्न सक्ने देखिन्छ। पालिकाले विधार्थीलाई आवश्यक परिमाणमा सेनिटरी प्याड उपलब्ध हुने व्यवस्था मिलाउनु पर्दछ।

२५ **शिक्षकको तलव**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सबै शिक्षकहरु, प्रारम्भिक बाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्ता सबै सशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा संथाई नियुक्तिको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाका लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै उक्त नियम ९८(१ ) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियूक्ती वा सरुवा गर्नु हुदैन भनी व्यवस्था गरेको छ। तर पालिकाले पालिकाअनुदानबाट निम्न विद्यालयमा दरबन्दी भन्दा बाहिरका शिक्षकको तलब भत्ता निकासा दिएको छ। विद्यलयमा कक्षा सञ्चालन भएको तर शिक्षक दरबन्दी स्विकृत नभएको कारणले दरबन्दी भन्दा बाहिरको शिक्षकलाई तलब भत्ता निकाशा दिनुपरेको भनाई रहेको छ। पालिकाले शिक्षकको दरवन्दी मिलान गरी दरवन्दी स्विकृत गरी तलब भत्ता निकासा दिनुपर्दछ। पालिकाले दिएको विवरण अनुसार सशर्त अनुदानबाट भूक्तानी हुने शिक्षकको तलब भत्ता गाँउपालिका अनुदानबाट भूक्तानी भएको बजेट सिद्वान्त विपरीत अनियमित भएको रु.

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १,२६,२६,००० |

२६ **नमुना विद्यालय**

२६.१ शिक्षा तथा मानवश्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रकरणमा विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४ सुधार योजना (SIP) सुधार योजना कार्यशाला गरी देहाय बमोजिम खर्च गरेको छ। नतिजा खाका बमोजिम निरन्तरता पाउने गरी खर्च व्यवस्था गर्नुपर्दछ। यस्तो खर्च नियन्त्रण गरी शैक्षिक वातावरण हुने दीर्घकालिन सुधारका क्षेत्रमा लगानी गर्नुपर्दछ।

| सि.नं. | खर्चको विवरण | खर्च |
|---|---|---|
| १ | क्षमता विकास तालिम शिक्षक | १३३३०० |
| २ | अभिभावक अभिमुखिकरण | ५३००० |
| ३ | जनशक्ती व्यवस्थापन | ८६३००० |
| ४ | फर्निचर व्यवस्थापन | ६५७०३९ |
| ५ | प्रविधि मैत्री विद्यालय | ११८६४९ |
| ६ | इन्धन | ५०००० |
| ७ | कमजोर विधार्थीको लागि अतिरिक्त कक्षा व्यवस्थापन | २५०००० |
| ८ | ल्यापटप खरिद | १५७००० |
| ९ | अतिरिक्त कक्षा सञ्चालनन | ५६००३ |
| १० | अवलोकन | ३५०६३६ |
| ११ | विद्यालय सञ्चालनन तथा व्यवस्थापन | ११०३६० |
| १२ | अन्तरक्रिया | ७६०५० |
| १३ | प्रविधिमैत्री विद्यालय | १२४९४२ |
| **जम्मा रु** | | **२९,९९,९७९/-** |

२६.२ **नतिजामा जोड दिनुपर्ने :** नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ को बुदा३.३ मा नमुना विद्यालय सञ्चालननको प्रमुख उद्देश्य विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै अन्य विद्यालयसँग प्रतिस्पर्धा गर्न सक्ने सक्षमता विकास गर्नु रहेको छ। नेपाल राष्ट्रिय मावि भूमे ९ चुनवाङमा आर्थिक वर्ष २०७६।०७७ बाट नमुना विद्यालय सञ्चालन भएकोमा २०८० सालको SEE (कक्षा १०)को परीक्षामा ५६ विधार्थी सहभागी भएकोमा भावि दिनमा अघि वढ्ने अवसरबाट वञ्चित हुने अवस्था छ। विद्यालयले नमुना विद्यालयमा आएको अनुदानबाट विद्यालयको भौतिक निर्माण र विद्यार्थीको शैक्षिक गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ।

## २७ न्यानो झोला

आर्थिक वर्ष ०८०।८१ मा स्थानीय तहहरुबाट गरीने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चाल सम्बन्धी मार्गदर्शन कार्यक्रम नं. २ मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ। पालिकाले गो.भौ.नं ७४।०८०।७।२१ मा तुलसिपुर सर्जिकल हाउसबाट जम्मा रु. ३,३५,९९७(भ्याट सहित)मा ३५० थान खरिद गरेकोमा खरिद भएको न्यानोझोलाको गुणस्तर परीक्षण प्रतिवेदन पेश भएको छैन तथा सम्झौतामा न्यानोझोलाको Specification खुलेको छैन। खरिद गरेको न्यानोझोला कार्यविधिले तोकेको गुणस्तर बमोजिम रहेको नरहेको एकिन हुन सकिएन। पालिकाले खरिद गर्दा तोकिएको गुणस्तर एकिन हुने गरी Specification खुलाएर मात्र गर्नुपर्दछ।

| गत वर्षको मौज्दात | यस वर्ष खरिद | जम्मा | वर्थिङ्ग सेन्टरमा सुत्केरी सङ्ख्या |
|---|---|---|---|
| २८ | ३५० | ३७८ | २४७ |

## २८ औषधी खरिद

२८.१ **औषधी प्राप्ति:** पालिकाकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधीको उत्पादन मिति

, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी जिन्सी दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ। पालिकाले विभिन्न भौचरबाट विभिन्न मितिमा रु. २७,२३,२८४/- औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सुचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन हुन सकेन। अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२८.२ **कम आइटमा खरिद:** आर्थिक वर्ष ०८०।८१ मा स्थानीय तहहरुबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन को ब.उ.शि.नं. ३७००१११५ मा ९८ प्रकारका आधारभुत औषधी र १८ प्रकारका औषधीजन्य सामाग्री गरी जम्मा ११६ प्रकारका निशुल्क औषधी पालिकाले खरिद गरी नगारिकलाई निशुल्क रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। तर, पालिकाले ७९ प्रकारका औषधी मात्र खरिद गरेको देखिन्छ।

## २९ स्वास्थ्यकर्मीको तलव भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार निम्न स्वास्थ्य संस्थामा दरबन्दी बाहेक करारमा कर्माचरी नियुक्ती गरी रु.४५,४०,५०० भूक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| सिनं | स्वास्थ्य संस्था | कर्मचारी संख्या | वार्षिक तलव भूक्तानी रु |
|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, लुकुम | २ | ५१४,००० |
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, सेरावाङ | २ | ५१४,००० |
| ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, धर्मशाला | | ५१४,००० |
| ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र, कोर्जा | | ५१४,००० |
| ५ | सामुदायिक स्वास्थ्य एकाई झुम्वाबाङ | १ | २५७००० |
| ६ | सामुदायिक स्वास्थ्य एकाई कुचिबाङ | ३ | ६८६५०० |
| ७ | सामुदायिक स्वास्थ्य एकाई डालिबाङ | १ | २५७००० |
| ८ | सामुदायिक स्वास्थ्य एकाई गुणाम | १ | २५७०० |
| ९ | सामुदायिक स्वास्थ्य एकाई खाम्दै | १ | २५७००० |
| १० | काँक्री स्वास्थ्य चौकी | २ | ४३५००० |
| ११ | चुनबाङ स्वास्थ्य चौकी | १ | ३३५००० |
| | **जम्मा** | | **४५,४०,५००** |

| | |
|---|---|
| अनियमित भएको | ४५,४०,५०० |

## ३० वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अपाङ्ग, ज्येष्ठ तथा विपन्न नागरीकहरुलाई प्रेसर कुकर, थर्मस, काँसको थाल तथा सिरक लगायतका सामाग्री वितरण बापत रू.२२,८९,०५२/- भूक्तानी खर्च लेखेको छ। यस्तो खर्चले नागरीकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरीनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गरीनु पर्दछ। पालिकाबाट यस्ता प्रकृतिका खर्च गरेका उदाहरणहरु निम्न छन्

| गो.भौ.नं/मिति | कार्यक्रम | भूक्तानी रकम |
|---|---|---|
| १५।२०८०।०९।०४ | वडा नं ९ को ८४ जना ज्येष्ठ नागरीकलाई थर्मश वितरण | १४९६९४ |
| १९।२०८०।०९।२६ | वडा नं ९ को १४५ जना बालबालिकालाई विद्यालय पोशाक वितरण | २४५३९० |
| ३०।२०८०।१०।२९ | वडा नं ५ को १२०जना अपाङ्ग र ज्येष्ठ नागरीकलाई फाइबर शिरक वितरण | २८९२७५ |
| ४७।२०८०।१२।१९ | वडा नं ४ को १३५ जना ज्येष्ठ नागरीक तथा अपाङ्गलाई काँसको थाल वितरण | २८९९६७ |
| ६०।२०८०।१२।०७ | वडा नं को ७ को १२९ जना ज्येष्ठ नागरीकलाई कित्ली र कुकर वितरण | १३९९९९ |
| ८६।२०८१।०२।२८ | वडा नं ८ को १२३ जना ज्येष्ठ नागरीकलाई थर्मश वितरण | १००००० |
| ८९।२०८१।०३।०४ | वडा नं २ को १९८ जना जेष्ठ नागरीक तथा अपाङ्गलाई व्लयाङ्केट वितरण | ३४७६८७ |
| ९३।२०८१।०३।०४ | वडा नं ३ को १४० जना ज्येष्ठ नागरीकलाई शिरक वितरण | १४९५४० |
| १०७।२०८१।०३।१७ | वडा नं ६ को ६५ जना ज्येष्ठ नागरीकलाई रू.३५००/- को दरले स्वास्थ्य बीमा | २२७५०० |
| १३०।२०८१।०३।२० | वडा नं १ को १५५ जना ज्येष्ठ नागरीक तथा शहिद परिवारलाई काँसको थाल वितरण | ३५०००० |
| **जम्मा** | | **२२८९०५२** |

३१ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९(१५) मा तलब, महँगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक खाद्यान्न औषधी उपचार तथा बिरामी बन्दीको सेवा लगायतका बाहेक अन्य चालु प्रकृतिको शीर्षकमा दायित्व सिर्जना गर्न नपाइने व्यवस्था रहेको छ ।पालिकाले देहायबमोजिम खर्च शीर्षकबाट गतवर्षको भूक्तानी दिन बाँकी राखी यस आ.ब मा भूक्तानी खर्च लेखेको छ । पालिका वाट गत वर्षको भुक्तानी दिन वाकी राखि भुक्तानी दिएको केही उदाहरण

| खर्च शीर्षक | कार्यक्रम | भूक्तानी रकम |
|---|---|---|
| २२५२९ | खाबाङ महिला भवन फर्निचर खरिद | १,६३,०००/- |
| २२५१२ | दलित परम्परागत सीपमुलक तालिम | ३४८,०००/- |
| २२५१२ | लक्षित वर्गहरुको क्षमता विकास तालिम | ३५०,०००/- |
| २२५२२ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा कार्यक्रम | १०,१७५/- |
| २२५२२ | लघु उद्यमी सिर्जना कार्यक्रम | १०,००,०००/- |
| २२४११ | पर्यटन गुरुयोजना निर्माण | ४,८३,३६५/- |
| २२२१३ | सवारी साधन मर्मत | १,१३,८६५/- |
| २२५२२ | द्वन्द पीडित तथा अति विपन्न कार्यक्रम | १,००,०००/- |
| २२५२२ | नारी दिवस कार्यक्रम | ५२,२५०/- |
| २२५२२ | महिला आवाज रेडियो कार्यक्रम | २,०३,२००/- |
| २२७११ | विविध खर्च | २,०२,५४०/- |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३,६६,३६०/- |
| २२२२१ | मेशिनरी औजार मर्मत | १,५०,०००/- |
| २२११२ | पत्रपत्रिका छपाई तथा सूचना संचार | ४०,०००/- |
| २२३१५ | रेडियो कार्यक्रम बाल आवाज उत्पादन र प्रशारण | १,७६,२८०/- |
| २२६११ | अनुगमन तथा सुपरीबेक्षण | १,०६,९६०/- |
| २२५१२ | जनजाती लक्षित सीपमुलक तालिम सञ्चालन तथा सामाग्री खरिद | २,२३,०००/- |
| २२५११ | मौरीपालन सीप विकास तालिम | २,२८,६५०/- |
| २२५११ | लघु उद्यमी सिर्जना कार्यक्रम/तालिम | ५०,०००/- |
| २२५२२ | विपन्न छात्रवृति कार्यक्रम | २,२३,०००/- |
| २२५११ | युवा सीपमुलक तालिम | १,८५,४६५/- |

३२ **अन्य निकायको खर्च भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको इलाका प्रहरी चौकी, लुकुमको लागि प्रति महिना रु.१०,०००/- का दरले वर्षमा रु.१,२०,०००/- घरभाडा बापत भूक्तानी गरी अन्य कार्यालयको खर्च यस पालिकाटबाट खर्च लेखेको देखिन्छ। पालिकाले स्पष्ट मापदण्ड एंव कार्यविधि वेगर तथा बजेट विनियोजन नै नगरी नियम विपरित गरेको खर्च नियमित भएको देखिदैन।

३३ **वैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा १३३ तथा सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ११(४)मा नियमित कामको लागि बैठक भत्ता प्रदान गरीने छैन भन्ने व्यवस्था रहेको छ।

पालिकाले नियमित स्टाफ मिटिङ बसे बापत विभिन्न ५७ जना कर्मचारीलाई रू.१,८७,५००/- बैठक भत्ता बापतको भूक्तानी लेखेको छ, पालिकाले बजेट खर्च गर्दा मितव्ययीता अपनाउनुपर्दछ ।

३४ **दुर्घटना विमा**

लुम्बिनी प्रदेशको स्थानीय तहका जनप्रतिनिधिहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को १४(२) अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेको सेवा सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ। त्यस्तै निजामती सेवा ऐन, २०४९ मा प्रदेश र स्थानीय सेवाका कर्मचारीको सेवासुविधा सङ्घीय ऐनमा निर्धारण भए बमोजिम हुने तथा यस ऐन मा उल्लेख गरेको भन्दा बढी सेवा सुविधा उपलब्ध गराउन नपाउने व्यवस्था रहेको छ। तर पालिकाले गो.भौ.नं- ९१ बाट २२ जनप्रतिनिधिहरुको प्रतिव्यक्ति रू.१०,००,०००/- को एकमुष्ठ बीमा प्रिमियम रू. ८०,५२०/- र गो.भौ.नं-१९९ बाट १२४ जना कर्मचारीहरुको प्रतिव्यक्ति रू. ५,००,०००/- को दरले एकमुष्ठ बीमा प्रिमियम रू. ९३,०२०/- गरी कुल जम्मा रू.१,७३,५४० /- भूक्तानी खर्च लेखेको छ। सम्बन्धीत ऐनमा पदाधिकारी एवं कर्माचरीहरुको लागि बीमा सम्बन्धी कुनै व्यवस्था नभएकोले उक्त खर्च भूक्तानी रकम नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,५४० |

३५ **नमुना कृषि गाँउ**

गाँउपालिकाले नमुना कृषि गाँउ निर्माण कार्यक्रम शीर्षकबाट अजिसा एग्रोभेट सप्लायर्ससँग सम्झौता गरी कृषकलाई मुला बीउ, ब्रोकाउली, काउली बीउ, काँक्रा बीउ, गाजरको बीउ, बन्दागोभी, मल्चिङ १००% प्रतिशत वितरण गरे बापत रू.५,९९,७००/- भूक्तानी दिएको छ। यस कार्यक्रममा १६३ जना कृषकहरु लाभग्राही रहेका छन्। सो कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि यस वर्ष सो स्थानको लागि बजेट बिनियोजन नभएको र शत-प्रतिशत अनुदानमा सञ्चालन भएको कार्यक्रमको प्रगति तथा प्रभावकारीताको बारेमा पालिकाबाट अनुगमन भएको पाइएन। तसर्थ पालिकाबाट यस्ता कार्यक्रम सञ्चालन गर्दा सोको परिणाम र प्रभावकारीताको बारेमा अनुगमन हुनुपर्दछ।

३६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको सुत्र प्रणाली अनुसार विविध तर्फ मात्र रु. १०८५७३२ खर्च गरेको छ। जुन आन्तरिक आयको २.८८ प्रतिशत रहेको छ।

३७ **सवारी मर्मत**

लुम्विनी प्रदेश सार्वजनिक खर्च मितव्ययिता मापदण्ड २०७९ को वुदा २२ मा सार्वजनिक सवारी साधन बाहेक अन्य सवारी साधनको इन्धन तथा मर्मत खर्च भूक्तानी दिन पाउने व्यवस्था छैन। तर पालिकाले गो.भौ.नं- ५५५।२०८१।०२।१८ बाट सवारी साधन मर्मत बापत जि.टी बाइक अटो मर्मत एण्ड पार्टस सेन्टरलाई भूक्तानी दिँदा देहायबमोजिमको निजी सवारी साधन मर्मतको बिल भूक्तानी गरेको पाईयो। नियमविपरीत मर्मत बापत भूक्तानी दिएकोले अनियमित देखिएको रकम रू.

| **क्र.सं.** | **सवारी साधन नं** | **भूक्तानी रकम** |
|---|---|---|
| १ | बा ६८ प ३०५७ | २,१६० |
| २ | रा ६ प ६२२ | ४,२५० |
| ३ | रा ६ प २४१० | २,९५० |
| ४ | लु ६१ प ५७०८ | ५,००० |
| ५ | रा ५ प ९५० | १४,७५० |
| ६ | रा ५ प २३८० | १,००० |
| **जम्मा** | | **३०,११०/-** |

| | |
|---|---|
| अनियमित भएको | ३०,११० |

## ३८ प्रधानमन्त्री रोजगार कार्यक्रम

३८.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ९८.७८ दिनले ७४०९ दिन रोजगारी उपलव्ध गराई रु. ५०,१६,००० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३८.२ **आयोजना छनौट** : कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को वुदाँ नं. ७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वियन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश हुनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले वार्षिक कार्यक्रममा समावेश नगरी(कार्यपालिकाको निर्णय गरेर) कार्यक्रम तथा आयोजना छनौट गरी कार्यान्वियन गरेको छ। पालिकाले कार्यविधिको पालना गरी वार्षिक कार्यक्रममा समावेश गरी आयोजना छनौट गर्नुपर्दछ।

३८.३ **कार्यविधि अनुकुलता**: कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुदा ४ मा आयोजना तर्जुमा गर्दा उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक भौतिक पूर्वाधार निर्माण हुने, बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने, स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने र वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्न योगदान पुर्याउने योजना छनौट गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले बाटो तथा नालि सरसफाई, मर्मत र घोरेट बाटो निर्माण गर्ने योजना सञ्चालनन गरेको छ, जसले समूदायलाई आर्थिक, सामाजिक लाभ दिने तथा समाजको दिगो विकास गर्न योगदान दिन सक्दैन। पालिकाले योजना छनौट र कार्यान्वियन गर्दा कार्यविधिले उल्लेख गरेको प्रावधानलाई ध्यान दिनुपर्दछ। केहि उदाहरण निम्न छन्:

| क्र. म. | कार्यक्रम | वडा | भूक्तानी रु |
|---|---|---|---|
| १ | घम्टे देखि सिद्धथान सम्म गोरेटो वाटो निर्माण | २ | २००४०० |
| २ | साकिम खोला देखि टुपो जाने गोरेटो वाटो मर्मत | ४ | ३३४००० |
| ३ | घोरनेटे गोरेटो वाटो मर्मत | ५ | ४६७६०० |
| ४ | बलपुज्ने तोमाडेरा तलिगाउँ माथिगाँउ गोरेटो बाटो मर्मत | ८ | ८६८४०० |
| ५ | ताम्दै देखि सिमखोला जान सडकसम्म गोरेटो बाटो निर्माण | ८ | २६७२०० |
| ६ | बिजौरा नमटा खोला टाटे भिर गोरेटो बाटो मर्मत | ९ | २६७२०० |

## ३९ परामर्शवाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दिर्घकालिन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्ती भन्दा बढी

दक्षता आवश्यक पर्ने तथा उक्त जनशक्तिबाट कार्य सम्पन्न गर्न नसक्ने स्पष्ट निर्णय बेगर अन्य निकायबाट कार्य गराएको छ । पालिकाले परामर्श सेवावाट कार्य गराउदा नियमावलीमा भएको व्यवस्था वमोजिम स्पष्ट निर्णय गरी गर्नुपर्दछ ।

| क्र.म. | गो.भौ.नं. | कार्य | परामर्श दाता | भूक्तानी रु |
|---|---|---|---|---|
| १ | २३।०८०।११। १० | काँक्री स्वास्थ्य चौकी निर्माण कार्यको डिपिआर | प्रोसेस इन्जिनियरीङ्ग सर्भिस प्रा.लि नया वाँनेश्वर काठमाण्डौं । | ९,९१,०१० |
| २ | | बराहताल पर्यटकिय क्षेत्र संरक्षण तथा पर्यटन पूर्वाधार निर्माण | सिभिल क्रियशन प्रा. लि वुद्धभूमि ८ कपिलवस्तु | ४,८९,१९९ |
| ३ | ७२ । ०८१।३। १९ | सडक निर्माण | भूगोल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि सुविधानगर काठमाण्डौं | १४,१९,१२७ |
| | १०१।०८१।३। २४ | गाँउपालिका अन्तर्गत जग्गा वर्गीकरण | रिमोट सेंसीङ (आर .एस ) इन्जिनियरिङ्ग | ११,४१,३०० |
| | २९।०८१।३। २४ | कार्यालयको संगठन संरचना | ब्राइट रुट एकेडेमी प्रा.लि. | ४,३५,००० |

## ४० खेलकुद पूर्वाधार निर्माण वडा नं. ६ महत

४०.१ निजी जग्गामा खेलकुद पूर्वाधार निर्माण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। पालिकाले महत खेलकुद पूर्वाधार निर्माण उपभोक्ता समितिमार्फत खेलकुद पूर्वाधार निर्माण गरेकोमा निर्माण कार्य निजी जग्गामा गरेको पाईयो। वडा नं. ६ का वडा अध्यक्ष विक्रम पुन लगायत विभिन्न व्यक्तिको नाममा रहेको जग्गामा सार्वजनिक निर्माण गरी गो.भौ.नं. ३७-२०८१।०२।०५ र ४८-२०८१।०२।२५ बाट क्रमश: रु.१५,००,०००.०० र रु. ८,९४,४१७.०० गरी जम्मा रु. २३,९४,४१७.०० भूक्तानी भएकोमा उक्त निर्माण स्थल सार्वजनिक निकायको नाममा कायम गर्नुपर्दछ ।

४०.२ **बढी भूक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले सम्झौता बमोजिम GEO TEXTILE अन्तर्गत १९७ वर्ग मिटर कार्य गर्नुपर्नेमा उपभोक्ता समितिले पेश गरेको मेजेस्टिक ईन्जिनियरिङ्ग मल्टि सर्भिस प्रा.लि.बाट जारी बिजक अनुसार १८९ वर्ग मिटर मात्र कार्य गरी रु.१५,१२०.०० भूक्तानी गरेकोमा पालिकाबाट १९७ वर्ग मिटर काम भएको नाँपजाच गरी रु.५१,२२०.०० भूक्तानी गरेकोले संलग्न बिजक बमोजिम बढी भूक्तानी भएको रु.३६,१००.०० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१०० |

## ४१ बाल शिक्षा भवन निर्माण भुमे-६ तामारी

४१.१ **डण्डीमा थप गरेको वेस्टेज:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भूक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बाल शिक्षा भवनको गो.भौ.नं.१२-२०८१।०३।२३ बाट रु.१७,४६,७३६.०० भूक्तानी दिँदा नापी किताबमा वास्तविक कार्यसम्पादन भएको TMT REINFORCEMENT ३२६९.२६ के.जी. मा ५ प्रतिशत वेस्टेज १६३.४६ के.जी. थप गरी भूक्तानी दिएको पाईएकोले नियमावलीको व्यवस्था विपरित वेस्टेजमा भूक्तानी भएको रु.२२,५०५.०० सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २२,५०५ |
|---|---|

४१.२ **नेगेटिभ भेरिएसन आदेश:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले बाल शिक्षा भवन निर्माणको कार्यको लागि उपभोक्ता समितिसँग गरेको सम्झौता तथा लागत अनुमान अनुसार TMT Reinforcement Bar ७१३२.७३ के.जी. प्रयोग गर्ने गरी २०८०।०१।०३ मा सम्झौता भएकोमा पालिकाको मिति २०८१।०२।०३ को निर्णय बमोजिम TMT Reinforcement Bar ३२६९.२६ के.जी. कायम गरी ३८६३.४७ के.जी. TMT Reinforcement Bar घटाएको पाईयो। कार्यालयको भेरियसन टिप्पणी बमोजिम स्थानीय स्रोत साधन प्रयोग गर्दा स्थानीय रोजगारी सिर्जना हुने भएको हुनाले TMT Reinforcement Bar को ठाँउमा Plaster, Painting, Apron प्रयोग गर्नको लागि नेगेटिभ भेरियसन गरीएको उल्लेख छ। यसरी लागत अनुमानमा भए बमोजिमको TMT Reinforcement Bar प्रयोग नगर्दा निर्मित भवनको गुणस्तरमा पर्ने प्रभावको विश्लेषण नगरी मूख्य आईटमलाई ५० प्रतिशत भन्दा बढी घटाएर निर्माण गरेको पाईएकोले भेरियसन आदेश दिँदा गुणस्तर सुनिश्चित हुने गरी दिनुपर्दछ:

४२ **सिद्धचौर मा.वि. लुकुम विद्यालय भवन निर्माण**

ईलेक्ट्रिक आईटमको बिल पेश नभई भूक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाई सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भूक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले भवन निर्माणको सम्झौता गर्दा ईलेक्ट्रिक आईटमलाई एकमुष्ठ रु.२५,०००.०० लागत दिएकोमा कार्यालयबाट नाँपचाँज भई भूक्तानी हुँदा उक्त आईटमको विस्तृत नापी किताब र बिजक पेश नगरी गो.भौ.नं. ३८-२०८१।०१।१३ बाट भूक्तानी भएकोले एकमुष्ठ आईटमको बिजक पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | २५,००० |
|---|---|

४३ **बाहुनकटिना- मसिना-गाग्राफुटे-तराल-दोन्द्रे-मारकोट-सागुबोट रोड**

सम्झौताको कार्य : सार्वजनिक खरिद नियमावलीको नियम १२५(६) मा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाईन वा स्पेशिफिकेशन बमोजिम भएको पाईएमा त्यस्तो अधिकारीले त्यस्तो निर्माण कार्य स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सोही नियमावलीको नियम १२८(२ घ)मा सम्झौताको उल्लंघन भएमा सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं. EGP/BRMO/SQ/W-2/2080.081 बमोजिम निर्माण व्यवसायी प्रभात सेवा निर्माण प्रा.लि.सँग सम्झौता गरी २०८०।०९।२४ मा कार्य शुरु भई २०८०।११।२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा सम्झौतामा उल्लेख गरेको स्पेसिफिकेशन बमोजिम ROAD WAY EXCAVATION IN ALL Type of soil and rock १३,९०० घनमिटर काट्नुपर्नेमा उल्लिखित मितिमा जारी कार्यसम्पन्न प्रतिवेदन तथा नापचाँज र नापी किताब अनुसार १२९०३.७० घनमिटर मात्रको काम गरी बाँकी ९९६.३० घनमिटरले हुने रु.६२,७५७.०० को कार्य अधुरो राखी सम्झौताको उल्लंघन भएकोले नियमावलीको व्यवस्था बमोजिम उक्त निर्माण व्यवसायीको कार्यसम्पादन जमानत जफत गरी बाँकी कार्य गराउनुपर्दछ ।

४४ **रिचिबाङ्ग बराहताल पर्यटकीय क्षेत्र संरक्षण तथा पूर्वाधार निर्माण**

ननफाईलर: रिचिबाङ्ग बराहताल पर्यटकीय क्षेत्र संरक्षण तथा पूर्वाधार निर्माणको डिपिआरको लागि सिभिल क्रियशन नेपाल(६१००४८०७८) लाई गो.भौ.नं.०२-२०८०।१०।०७ बाट रु.५६,२७९ मूल्य अभिवृद्धिकर भूक्तानी भएकोमा उक्त करदाता आन्तरिक राजस्व विभागको अनलाईन पोर्टलबाट २०८० दोस्रो त्रैमासिकबाट ननफाईलर रहेकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५६,२७९ |
|---|---|

४५ **धर्मशाला खुङ मालुवा झारमुख सडक पहिलो चरण गो.भौ.नं. २५-२०८०।०६।११**

सम्झौता बमोजिमको कार्य नगरी कार्यसम्पन्न प्रतिवेदन पेश भएको: सार्वजनिक खरिद नियमावलीको नियम १२५(६) मा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाईन वा स्पेशिफिकेशन बमोजिम भएको पाईएमा त्यस्तो अधिकारीले त्यस्तो निर्माण कार्य स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सोही नियमावलीको नियम १२८(२ घ) मा सम्झौताको उल्लंघन भएमा सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था रहेको छ। पालिकाले ठेक्का नं. EGP/BRMO/NCB/W-3/2079.080 बमोजिम निर्माण व्यवसायी प्रभात सेवा निर्माण प्रा.लि.सँग सम्झौता गरी २०७९।०७।२७ मा कार्य शुरु भई २०८०।०२।२० मा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा सम्झौतामा उल्लेख गरेको स्पेसिफिकेशन बमोजिम ROAD WAY EXCAVATION IN ALL TYPE OF SOIL AND ROCK २६,२०० घनमिटर काट्नुपर्नेमा उल्लिखित मितिमा जारी कार्यसम्पन्न प्रतिवेदन तथा नापचाँज र नापी किताब अनुसार २२,१२६.४० घनमिटर मात्रको काम गरी बाँकी ४,०७१.६० घनमिटरले हुने रु. ३,६२,३७२.०० को कार्य अधुरो राखी सम्झौताको उल्लंघन भएकोले नियमावलीको व्यवस्था बमोजिम उक्त निर्माण व्यवसायीको कार्यसम्पादन जमानत जफत गरी बाँकी कार्य गराउनुपर्दछ ।

## ४६ कुन्पानी बाच्छाखोरे ट्रेल ब्रिज

झोलुङ्गे पुलको स्टील पार्ट्सको उपयोग तथा सुरक्षा: पालिकाले कुन्पानी खोलामा ट्रेल ब्रिज निर्माणको लागि रु. १०, ७४,५७०.०० मा स्टिल पार्ट्स आपूर्ति गर्ने गरी श्री जुनकिरी ईण्डष्ट्रिजसँग भएको खरिद सम्झौता अनुसार मिति २०८०।०५।०३ मा सामान आपूर्ति भई भौचर नं. १०-२०८०।०८।१३ बाट रु. १०, ७४,५७०.०० भूक्तानी भईसकेकोमा उक्त पार्ट्सको उपयोग नभई सम्बन्धित साईटमा मौज्दात रहेको पाईयो। साईट परिवर्तन गर्नुपर्ने भएकोले हालसम्म जडान नगरेको कार्यालयको जवाफ रहेको छ। तसर्थ यसरी समयमै पालिकाले उपयुक्त साईट निर्धारण गरी उपभोक्ता समितिलाई निर्माण कार्य सम्पन्न गर्न लगाई सम्बन्धित लाभग्राहीले पुलको उपयोग गर्ने वातावरण बनाउनुका साथै साईटमा लामो समय मौज्दात राख्दा सामान हराउने तथा चोरी हुने लगायतका सुरक्षा चुनौती समेतलाई न्युनीकरण गर्न तुरुन्त पहल गर्नुपर्दछ। तसर्थ उल्लिखित बमोजिम उपभोक्ता समितिले निर्माण सम्पन्न गरी हस्तान्तरण गर्नुपर्दछ ।

## ४७ वीमा नगराएको

**वीमा नगराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ। त्यस्तै नियम ११२(१ घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरीने मितिसम्मको अवधिसम्म वीमा गराउनुपर्नेमा पालिकाले निम्न निर्माण कार्यको वीमाको व्यवस्था गरे पनि वीमा नगराई कार्य गरेको छ। निर्माण कार्यको वीमा नहुँदा निर्माण अवधिमा हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ। नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागि अनिवार्य वीमा गराउनु पर्दछ।

| सि.नं. | आयोजनाको नाम | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| १ | सिद्धचौर माबि कम्पाउण्ड वाल निर्माण | २०,८२,०५८.४३ | सम्झौतामा वीमाको प्रावधान राखी वीमा नगराएको। |
| २ | धर्मशाला खुङ मालुवा झारमुख सडक पहिलो चरण | २६,९०,५८४.०० | सम्झौतामा वीमाको प्रावधान राखी वीमा नगराएको। |

## ४८ धर्मशाला खुङ्ग मालुवा सडक

कार्य सम्पन्न : गो भौ नं २।०८०।४।६ सार्वजनिक खरिद (तेह्रौ संसोधन) नियमावली, २०८० को नियम १२३(१ख) मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यको आधारमा करारको शर्त बमोजिम भूक्तानी गर्नुपर्ने व्यवस्था छ। धर्मशाला खुङ्ग मालुवा सडकको रू. २३,३६,८००/- (मु.अ.कर र पिएस बाहेको) लागत अनुमान तयार गरी बोलपत्र घटाघट गराउँदा रू. २३,२९,०४७/- को बोलपत्र स्वीकार गरी लागत अनुमानमा २६,२०० घनमिटर काम गर्ने लक्ष्य रहेपनि २२,१२८ घनमिटर काम गरी मु.अ.कर बाहेक रू. १९,७१,९२७ /- बाहेक भूक्तानी गरेको छ। सम्झौता बमोजिम रू. २३,२९,०४७/- भूक्तानी गर्नुपर्नेमा रू. ३,५७,१२०/- घटी काम सम्पादन भएकोले चेनेज ०+००० देखि ०+९५० मिटर सम्मको पुरा परिमाण काम नभएकोले सम्झौता बमोजिम कार्य गराउनुपर्दछ ।

## ४९ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको

उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न सङ्घ संस्था, समूह, लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट केही उदाहरणको रुपमा तपसिल बमोजिम भूक्तानी दिएको पाईयो। यस्तो कार्यमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| क्र. सं. | भूक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम रु |
|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय काक्री कार्यालय व्यवस्थापन | कार्यालय व्यवस्थापन खर्च | १००,००० |
| २ | स्वास्थ्य चौकी काक्री कार्यालय व्यवस्थापन | कार्यालय व्यवस्थापन खर्च | ४९,९९९ |
| ३ | महत अस्थायी प्रहरी पोष्ट सौचालय मर्मत/ महत उपभोक्ता समिति | मर्मत संभार | ४८,६३९ |
| ४ | महत अस्थायी प्रहरी पोष्ट व्यवस्थापन/धर्मशाला टोल उपभोक्ता समिति | कार्यालय व्यवस्थापन खर्च | ४८,५२९ |
| ५ | महत प्रहरी चौकी फर्निचर तथा मसलन्द/गंगालाल खड्का | कार्यालय व्यवस्थापन खर्च | २५,००० |
| ६ | ईलाका प्रहरी कार्यालय चुनवाङ कार्यालय व्यवस्थापन/जलजता सप्लायर्स | कार्यालय व्यवस्थापन | ९४,९५९ |
| | **जम्मा रु.** | | **२,६७,१२६/-** |

५० **कोल्ड स्टोर निर्माण**

५०.१ **कोल्ड स्टोर निर्माणः** सार्वजनिक खरिद (तेह्रौ संसोधन) नियमावली, २०८० को निमय १२३ मा नापी किताव बमोजिम वास्तविक कार्यको भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मिति २०८२।११।२१ मा संरचना निर्माण सम्पन्न गर्नेगरी ठेक्का नं- ६।०८०।८१ को ठेक्का मिति २०८०।११।११ मा २०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर रू. २६८५४८५९/८३ मु.अ.कर र पिएस बाहेकको निर्माण व्यवसायी श्री इभिना निर्माण सेवासँग सम्झौता गरी यो बर्ष सम्म देहाय बमोजिम भूक्तानी गरेको छः-

| गो.भौ.नं/मिति | खर्च रू.(मु.अ.कर समेत) |
|---|---|
| ५।२०८०।१२।०९ | २३१५००० |
| ७।२०८०।१२।२२ | १५००००० |
| ९।२०८०।०१।१० | २२७५००० |
| १३।२०८१।०२।३१ | १४९५१०२ |
| १५।२०८१।०३।०५ | ५३०७५०० |
| ३०।२०८१।०३।२३ | ९१,६७,५०० |
| **जम्मा** | **२,२०,६०,१०२/-** |

माथिको तालिकाको मु.अ.कर बाहेक रू. १,९५,२२,२१५ बराबरको काम सम्पन्न गरेकोले करिब ७३ प्रतिशत काम सम्पन्न गरी रू. ५३ लाख ३७ हजार पेश्की फछ्र्यौट गरी बाँकी भूक्तानी गरेको पाइयो। सो को नापी किताव र बिल परीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्ः-

५०.२ **प्राकृतिक स्रोतको करः** प्रदेश आर्थिक ऐन, २०८० को अनुसूचीमा पालिकाले मु.अ.कर सहित प्रतिघन फुट रू. ६।७८ कर लिनुपर्ने व्यवस्था छ। पालिकाले ढुङ्गाको गाह्रो र सोलिङ ३२६.९८ घनमिटर १० प्रतिशत थप समेत ३५९.६७ घनमिटरको हुने घनफिट १२,७०३.५५ को प्रतिघनफुटको रू.६।७८ का दरले रू. ८६,१३० स्थानीय निर्माण सामाग्री कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

५०.३ संरचना निर्माण सम्पन्न नहुँदै देहायको विद्युतीय युपिएफ प्यानल र १६.६३ किलोबाटको इभ्यापोरेट ४ थान र जेनेरेटर समेत रू.५८ लाख ९६ हजार सामान आपूर्ति गरी भूक्तानी गरेको छ। संरचना निर्माण अघि नै विद्युतीय उपकरण खरिद गर्दा आपूर्तिकर्ताबाट पाउने

सेवा र सेवा लिएको वास्तविक वारेन्टी समय उपयोग अघि नै समाप्त हुने हुँदा भौतिक पूर्वाधारको कार्य सम्पन्न भएपछी मात्र मेशिनरी सामाग्री खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५०.४ चिस्यान केन्द्र प्राविधिक विषय भएको अवस्था छ। चिस्यान केन्द्रमा उपयोग भएको प्रविधि फिवान हो। यसले एक महिनासम्मको लागि काम गर्न सक्छ। अर्को एमोनिया प्रविधिले तीन महिनासम्म भण्डारण गर्नसक्ने क्षमता जानकारीमा आएकोले उत्पादनलाई बजार मूल्य लिन करिब तीन महिना पर्खनुपर्छ। सो मापदण्ड अनुरुप १६.६३ किलोबाट क्षमताको इभ्यापोरेट ४ थान प्रतिथान रू.१० लाखको दरले हुने रू. ४० लाख मु.अ.कर समेतको खर्च उचित र उपयुक्त नदेखिएकोले प्रविधि परिवर्तन गरी प्रतिफलमुखी बनाउन व्यवसायीसँग छलफल गरी पुनः संसोधन गरी प्रतिफलमुखी बनाउनु पर्दछ ।

५१ **नमुना विद्यालय भवन**

पालिका र नेपाल राष्ट्रिय मा.बि, भूमे ९ को नमुना विद्यालय पूर्वाधार निर्माण गर्न मिति २०८०।०५।१२ को सम्झौता बमोजिम भवन निर्माण गर्न सुरुमा रू.९५,२३,३८३ लागत अनुमान तयार गरी १३.५३ प्रतिशत लागत अनुमान घट गरी रू. ८२,३४,९५७/- संसोधित लागत अनुमान तयार गरी मु.अ.कर बाहेक रू. ६७,७१,९०१/- मूल्याङ्कन गरी मु.अ.कर समेत गरी रू.७६,५२,२४८/- निर्माण व्यवसायीलाई भूक्तानी गरेको छ। रू.१ करोड सम्झौता बमोजिम निकासा गरी खर्च नभई बाँकी रू.२३,४७,७५१।८७ फिर्ता दाखिला गर्नुपर्छ। विद्यालयले बचत रकम सम्झौता बसना नमुना विद्यालय विकास र सञ्चालन निर्देशिका,२०७४ पेज ७(ट) मा सभा सम्मेलन साँस्कृतिक कार्यक्रम र इण्डोर गेम २०० जना क्षमता भएको एक अडिटोरियम हलको व्यवस्था गरिने उल्लेख गरी सम्झौता, प्राविधिक स्टीमेट र २०० जना क्षमता भएको हल निर्माण गरेको भनी रू.२३,४७,७५१ खर्च गरेको जनाएतापनि सो खर्च नपाइने हुँदा फिर्ता गरी संचितकोष दाखिला गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,४७,७५१ |

५२ **विविध काम**

५२.१ विविध कामः विभिन्न ३ आयोजनामा भएको मुख्य क्रियाकलाप देहाय बमोजिम छ। सो को परीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन् ।

| **भवन** | **सोलिङ** | **एम दश** | **एम विस** | **एम पच्चीस** | **स्टील** | **इँटा** |
|---|---|---|---|---|---|---|
| वडा नं १ प्रशासकिय भवन | १४४.४ | ८६.४ | २९९.०७ | १०.८ | ३५७४२ | १७८.०३ |
| वडा नं ७ को प्रशासकिय भवन | - | २१.६२ | ९२.१० | ० | १८५३७ | २३.१८ |
| नमुना विद्यालय पूर्वाधार | - | - | ८९.८४ | ० | ८९४२ | १०६.३६ |
| प्रशासकिय भवन ठेक्का ६।०८०।८१ | - | - | - | - | - | - |
| **जम्मा** | **१४४.४** | **१०८.०२** | **४८१.०१** | **१०.८** | **६३२२१** | **३०७.५७** |
| घनमिटर | १७३.२८ | १४७.१५ | ६२२.९० | १३.७७ | ६३२२१ | ३०७.५७ |
| घनफुट | ६१२० | ५१९७ | २२००० | ४८६ | - | - |

माथिको तालिकामा स्थानीय निर्माण सामाग्री ३३,८०३ घनफुट प्रयोग गर्दा प्रतिघनफुट रू.६।७८ का दरले प्रदेश कानून बमोजिम हुने अग्रिम आयकर कट्टा नगरेकोले एकिन गरी पेश हुनुपर्दछ ।

५२.२ **बिम वर्क इँटाको कामः** शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स बमोजिम एक घनमिटर चिम्नी इँटाको संख्या ५६० उल्लेख गरेको छ। तराईको इँटा ठूलो आकारको हुँदा शहरी विकास तथा भवन निर्माण विभागको परिपत्र बमोजिम ४७६ गोटा तराईको इँटा लाग्ने परिपत्र गरेकोले बढी ८४ इँटा प्रतिघनमिटरमा लाग्ने हिसाबले गणना गर्दा ३०७.५७ घनमिटरमा २५,८३५ गोटा प्रतिगोटा रू.२१ को दरले हुने रू.५,४२,५३५ को ओभरहेड र मु.अ.कर समेत उपयोग भएको ईटाको आकार एकीन गर्नुपर्दछ ।

५२.३ **स्टीलको कामः** माथिको तालिका बमोजिम स्टीलको काम तीन योजनाको ५९,२२१ किलोग्राम प्रयोग भएकोमा सो को हुने सिभिल इन्जिनियरिङ नर्म्स ७,८५० केजीको एक घ.मी. हुने ७.५४ कङक्रिटको प्रतिघनमी रू.१८,००० दरले हुने दोहोरो परेको हुँदा मु.अ.कर समेत एकिन गरी नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १,५३,४४७ |

५३ **१ नं वडा भवन**

५३.१ वडा भवनः पालिकाको वडा नं एक भवन निर्माण गर्न १२।०७९।८० ठेक्काद्धारा निर्माण सम्पन्न गर्नेगरी निर्माण व्यवसायी थुमम भट्टराई जे.भी सँग रू. २,२८,९०,०००/- सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा यो वर्षसम्म रू.१,८३,२१,००० बराबरको काम गरी ८० प्रतिशत प्रगति गरी यो वर्ष देहाय बमोजिम भूक्तानी खर्च लेखेको छः

| **गो.भौ.नं/मिति** | **रकम** |
|---|---|
| ५।२०८०।०६।११ | ७५००००० |
| ८।२०८०।०७।२२ | २३०६६३६ |
| १५।२०८०।१०।१३ | ४९५६००० |
| ४६।२०८१।०३।१९ | १३१४१२ |
| **जम्मा** | **१४८९४०४८** |

सो खर्चको नापी र मूल्याङ्कन परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छः

५३.२ **सोलिङः** जगमा ढुङ्गा सोलिङ (२×१०.५×४.५×०.१५) ले हुने १४.१७ घनमिटर भूक्तानी दिनुपर्नेमा १६.५३ घनमिटर नापी गरेकोले बढी २.३५ घनमिटर ओभरहेड मु.अ.कर समेत असुली गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१८० |

५३.३ **ल्यापिङ बढीः** स्टील १६, २० र २५ एमएसको रर्ड नर्म्स अनुसार ल्यापिङ क्रमश ०.९६, १.२०० र १.५ मिटर गणना गर्दा हुने ६०६१.५२ के.जी मूल्याङ्कन गरेकोले नर्म्स अनुसार गणना गर्दा १५५६ केजी हुने हुँदा बढी ल्याप्स ४५०५.५२ केजी र टुटफुट नपाउने थप केजी ३५३ समेत जम्मा ४८५८.५२ केजीको प्रतिकेजी रू.१३० को दरले मु.अ.कर समेत नपाउने रु. ७,१३,७१६ बढी खर्च भएको मु.अ.कर समेत असुल गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१३,१२६ |

५४ **प्रशासनिक भवन**

प्रशासनिक भवन वडा नं ७ को नापीमा ल्यापिङ स्टील २५ एमएमको १.५ मिटर राख्नुपर्नेमा ६ मिटर राखेकोले बढी ४.५ मिटरको ७४ रनिङ मिटरको प्रति र.मि. ३.८५ को दरले हुने १२८२.०५ केजीको प्रतिकेजी रू.७० को दरले मु.अ.कर समेत नपाउने निर्माण व्यवसायीबाट मु.अ.कर समेत असुल गर्नुपर्ने रकम रू.

1. सोही भवनको नापी किताब अनुसार नापीमा टुटफुट भनी ८८२.७५ केजी सम्झौता बमोजिम थप नपाउने हुँदा प्रतिकेजी रू.७० को दरले मु.अ.कर समेत व्यवसायीबाट असुली गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७१,२३५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भूमे गाउँपालिका , भूमे गाउँपालिका , रुकुम पूर्वि भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवि लाल वि.क. | २०८०-५-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चन्द्रसिंह श्रेष्ठ | २०७३-१२-१० | २०८०-४-७ |
| लेखा प्रमुख | गणेश ओलि | २०७६-९-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२४४,६५२.१८ | १७,३५०,०५७ | ४,५७७,५९५ | ० | ० | ६,५०४,९५२ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३१,६७७,२५६.१८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३१,६७७,२५६.१८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४५५०९०३२.१६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०४०७०८४८.३२ | चालु खर्च | २९२७९३०७७.०६ |
| प्रदेश सरकारबाट अनुदान | २८२२९८५१ | पूँजीगत खर्च | १५१४९१४६२.९ |
| राजश्व बाँडफाँट | ८५५१०७९४.५२ | वित्तीय/अन्य व्यवस्था | ९७८५७८०२ |
| आन्तरिक आय | ३१५३८२८.३ | | |
| अन्य आय | ९७८५७८०२ | | |
| कुल आय | ५१८८२३१२४.१४ | कुल खर्च | ५४२१४२३४१.९६ |
| बाँकी मौज्दात | | २२१८९८१४.३४ | |

## बेरूजु दफा ७.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आलेप कोड नं | विवरण | रु. |
|---|---|---|
| ४०५.१ | भूक्तानीमा अग्रीम कर कट्टी गरेको प्रमाण पेश गर्नुपर्ने | ४८,९७९/- |
| ४०६ | भूक्तानीमा कर कट्टी गरेको प्रमाण पेश गर्नुपर्ने | २२,६७६/- |
| ४०७ | खरिद आदेश र दाखिला प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने | १४,८००/- |
| ४१२ | तरकारी किट विउ वितरण को भर्पाई पेश गर्नुपर्ने | ४५,०००/- |
| ४१३.३ | खरिद आदेश र दाखिला प्रमाण पेश गर्नुपर्ने | ७१,५००/- |
| ५०४.१ | खरिद आदेश र दाखिला प्रमाण पेश गर्नुपर्ने | १८९,५००/- |
| ८०२ | खरिद आदेश र दाखिला प्रमाण पेश गर्नुपर्ने | १०,७८०/- |
| | जम्मा रु | ४,०३,२३५ |

## बेरूजु दफा ७.३ सँग सम्बन्धित विवरण - अनुसूची - ४

| आलेप कोड नं | विवरण | रु. |
|---|---|---|
| २०१ | कार्यक्रममा बढी भूक्तानी असुल गर्नुपर्ने | ४,५०० |
| २०२ | वहालकर असुल गर्नुपर्ने | १,००० |
| २०३ | पोसाक खरिदमा बढी भूक्तानी असुल गर्नुपर्ने | ३६,८०० |
| २०४ | बढी भूक्तानी असुल गर्नुपर्ने रु | ६,६५० |
| २०५ | कार्यक्रममा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १९,७७९ |
| २०६ | सूचना प्रशारणमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ३२,५०० |
| २०७ | कार्यक्रममा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १२,७५० |
| २०८ | कार्यक्रममा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ८७३० |
| ३०१ | निर्माणमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ९८३.७० |
| ३०२ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ३,४१७ |
| ३०३ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ५,१३५ |
| ३०४ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ४,३०३ |
| ३०५ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ५४,०६० |
| ३०६ | विभिन्न उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ६९,१५६ |
| ३०७ | स्विकृत नर्मस भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १६८,३५१ |
| ४०१ | स्विकृत नर्मस भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ६,१९० |
| ४०२ | वहाल कर असुल गर्नुपर्ने | ४८०.९० |
| ४०३ | स्विकृत नर्मस भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | २,५८६ |
| ४०४ | सम्झौता भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ४२,३०० |
| ४०५.२ | जोड जम्मा फरक रकम विद्यालय बाट असुल गर्नुपर्ने | १,००० |
| ४०८ | स्विकृत नर्मस भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ५,२५० |
| ४०९.१ | कर कट्टी रकम असुल गर्नुपर्ने | ३,९१५ |
| ४०९.२ | प्रशिक्षक भत्ता असुल गर्नुपर्ने | १०,२०० |
| ४१० | पारिश्रमिक कर असुल गर्नुपर्ने | ४,९५० |
| ४११ | भ्रमण भत्ता बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ८,२५२ |
| | | |

| | | |
|---|---|---|
| ४१३.१ | बढी भूक्तानी भएको रकम असुल गर्नुपर्ने | ५,००० |
| ४१३.२ | प्रशिक्षक भत्ता असुल गर्नुपर्ने | १०,०३० |
| ५०१ | जोड जम्मा फरक रकम असुल गर्नुपर्ने | १,०८० |
| ५०२.१ | पारीश्रमिक कर असुल गर्नुपर्ने | १६,२०० |
| ५०२.२ | बढी भूक्तानी असुल गर्नुपर्ने | ६६,३०० |
| ५०३ | वहाल कर असुल गर्नुपर्ने | ५,५२० |
| ५०४.२ | प्रशिक्षक भत्ता असुल गर्नुपर्ने | ११,४७५ |
| ६०१ | बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ३,०६५ |
| ६०२ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ७,२०० |
| ६०३ | निर्माण बापत बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ४,७३७.७ |
| ६०४ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १,२८८.४ |
| ६०५ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ३९,४५७.९८ |
| ६०६ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | २,७८१ |
| ७०१ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ५,४३० |
| ७०२ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १,५४७.४७ |
| ७०३ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १६,२६९.८ |
| ७०४ | उपभोक्ता समितिलाई बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ९,७०० |
| ७०५.१ | निर्माण आईटममा बढी भूक्तानी | ४,३४७.७ |
| ७०५.२ | वहाल कर असुल गर्नुपर्ने | १,००० |
| ७०६ | कार्यक्रममा स्वीकृत नर्मस भन्दा बढी भुक्तानि भएको असुल गर्नुपर्ने | २२१,५०० |
| ७०७ | कार्यक्रममा स्वीकृत नर्मस भन्दा बढी भुक्तानि भएको असुल गर्नुपर्ने | १६,००० |
| ८०१ | कार्यक्रममा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ४,५८३.३३ |
| ८०३ | खरिदमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १,००० |
| ८०८ | दोहोरो भ्रमण भत्ता भूक्तानी भएको असुल गर्नुपर्ने | ६,२५० |
| ८१० | भ्रमण भत्ता बढी भुक्तानि भएको असुल गर्नुपर्ने | ७५० |
| ८११ | कार्यक्रम बापत बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १२,३६५ |
| ८१३ | कार्यक्रम बापत बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ७,२३२ |

| | | |
|---|---|---|
| ८१४ | नर्म भन्दा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ६,८२३.७ |
| ९०१ | निर्माण कार्यमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १०,००० |
| ९०२ | निर्माण कार्यमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ४४,०८६ |
| ९०३.१ | निर्माण कार्यमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | २२,४८३ |
| ९०३.२ | अनुपातिक बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १,८२२.४ |
| ९०४.१ | निर्माण कार्यमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ९,८९७.८ |
| ९०४.२ | अनुपातिक बढी भूक्तानी भएको असुल गर्नुपर्ने | ७,३८३.४ |
| १००१ | कर कट्टी दाखिला नभएको रकम असुल गर्नुपर्ने | ५,९६५.९ |
| ११०१ | अनुपातिक बढी भूक्तानी भएको असुल गर्नुपर्ने | २,०८६ |
| ११०२ | निर्माण कार्यमा बढी भूक्तानी भएको असुल गर्नुपर्ने | १८,९०३ |
| ११०३ | कर कट्टी दाखिला नभएको रकम असुल गर्नुपर्ने | ३,४८८ |
| १२०१ | कर कट्टी दाखिला नभएको रकम असुल गर्नुपर्ने | १,०५३ |
| **जम्मा** | | **११,२९,३४१** |

## बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| ठेकेदार पेश्की ( चालु आ व को ) | | | |
|---|---|---|---|
| पेश्की लिएको गो भौ नं | निर्माण व्यवसायी | कार्य | पेश्की रु |
| २१।०८०।११।०३ | शुभम निर्माण सेवा | ७ नं वडा कार्यालय भवन निर्माण | १३१७९७८ |
| २३।०८०।११।११ | शुभम निर्माण सेवा | ७ नं वडा कार्यालय भवन निर्माण | २४९७६१४ |
| ४३।०८१।०१।२८ | ए सी कन्स्ट्रक्सन | गाँउपालिका प्रशासनिक भवन | २५००००० |
| | | जम्मा | ६३१५५९२ |
| कर्मचारी पेश्की (गत आ व को) | | | |
| पद | नाम | कार्यक्रम | पेश्की रु |
| जन स्वास्थ्य निरीक्षक | चन्द्र शेखर परियार | मातृ तथा नवशिसु कार्यक्रम | १०००० |
| हे अ | झक्कु पुन | मातृ तथा नवशिसु कार्यक्रम | ५०००० |
| सहायक चौथो | विना रोका पुन | मातृ तथा नवशिसु कार्यक्रम | ५०००० |
| जन स्वास्थ्य निरीक्षक | विवेक के सी | मातृ तथा नवशिसु कार्यक्रम | १९००० |
| सहायक चौथो | सुमित्रा वुढा मगर | मातृ तथा नवशिसु कार्यक्रम | ३०००० |
| जन स्वास्थ्य निरीक्षक | चन्द्र शेखर परियार | मातृ तथा नवशिसु कार्यक्रम | २०००० |
| जनस्वास्थ्य निरीक्षक | विवेक के सी | मातृ तथा नवशिसु कार्यक्रम | २०००० |
| जम्मा | | | १८९००० |
| कुल जम्मा रु | | | ६५०४९५२ |

## बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क्र. सं. | विद्यालयकोनाम | ठेगाना | बार्षिक तलब भत्ता |
|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय | भूमे गा.पा -९, दुवाचौर | २५०००० |
| २ | श्री आधारभूत विद्यालय | भूमे गा.पा-९सिमचौर | ७९२००० |
| ३ | श्री मदनस्मृति आधारभूत विद्यालय | भूमे गा.पा-९डाडाँगाउँ | २४०००० |
| ४ | श्री आधारभूत विद्यालय | भूमे-७, लाबाङ | २४०००००५ |
| ५ | श्री जनचेतना आधारभूत विद्यालय | भूमे-६, खाम्दै | २४०००० |
| ६ | श्री बराहा आधारभूत विद्यालय | भूमे-१, स्याला | ५२८००० |
| ७ | श्री त्रिभूवन आधारभुत विद्यालय | भूमे-२, खाबाङ | ५२८००० |
| ८ | श्री नमूना आधारभूत विद्यालय | भूमे-३, मोरावाङ | ५२८००० |
| ९ | श्री बालविकास आधारभूत विद्यालय | भूमे-२, जंगडाँडा | १९०००० |
| १० | श्री टक्सार आधारभूत विद्यालय | भूमे-३, झुम्लाबाङ | ७६८००० |
| ११ | श्री बाल जनजागरण आवि | भूमे-६ रिसालचौर | ५२८००० |
| १२ | श्री शहिद बासु स्मृति नमुना आवि | भूमे-३, क्याङ्सी | ५०४००० |
| १३ | श्री भूमि आधारभूत विद्यालय | भूमे-१,रुजीखोला | २४०००० |
| १४ | श्री त्रिवेणी माध्यामिक विद्यालय | भूमे-२,काँक्री | १०६८००० |
| १५ | श्री हिमालय आधारभूत विद्यालय | भूमे-२,गावाङ | २४०००० |
| १६ | श्री बालज्योति आधारभूत विद्यालय | भूमे-२, दहबाङ | २४०००० |
| १७ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | भूमे-८, कोर्जा | ५०४००० |
| १८ | श्री सरस्वती माध्यमिक विद्यालय | भूमे-८, सिमखोला | १३३२००० |
| १९ | श्री जनज्योति आधारभूत विद्यालय | भूमे-७, धर्मशाला | ७१८००० |
| २० | श्री छेलोफाल्ने आधारभूत विद्यालय | भूमे-७, गुनाम | २४०००० |
| २१ | श्री जनशक्ति माध्यमिक विद्यालय | भूमे-४, काँडा | ११०४००० |
| २२ | श्री जनता आधारभूत विद्यालय | भूमे-५, सेराबाङ | २४०००० |
| २३ | श्री जनविकास आधारभूत विद्यालय | भूमे-४, तल्लोसाकिम | २४०००० |
| २४ | श्री आधारभूत विद्यालय | भूमे-५,डालिबाङ | २४०००० |
| २५ | श्री माध्यमिक विद्यालय | भूमे-८, कुचिवाङ | ५०४००० |

| | | | |
|---|---|---|---|
| २६ | श्री बाल विकास | भूमे ६ नाखे | १९०००० |
| २७ | श्री प्रभुकुटी बाल विकास | भूमे -९, बाहुनगाडिना | १९०००० |
| **जम्मा** | | | **१,२६,२६,०००/-** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततावेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।